आज मिति २०७५।०२।०८ गते मंगलबारका दिन धवलागिरी गाउँ कार्यपालिकाको कार्यालयमा बसेको धवलागिरी गाउँ कार्यपालिकाको बैठक श्री धमसरा पुनज्यूको अध्यक्षतामा बसी देहायबमोजिमका निर्णयहरू गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री | धमसरा पुन | अध्यक्ष |
| श्री | रेशम कन्याल | उपाध्यक्ष |
| श्री | झक बहादुर कन्याल | वडा नं. १ वडाध्यक्ष |
| श्री | राम प्रसाद वि.क. | ,, ,, २ ,, |
| श्री | पूर्ण पुन | ,, ,, ३ ,, |
| श्री | मैन बहादुर घर्ती | ,, ,, ४ ,, |
| श्री | खड्क कुमारी कन्याल | ,, ,, ५ ,, |
| श्री | रुजाराम उपाध्याय | ,, ,, ६ ,, |
| श्री | कुलानिधी शर्मा | ,, ,, ७ ,, |
| श्री | राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री | तोल कुमारी के.सी. | ,, |
| श्री | देउ प्रसाद कन्याल | ,, |
| श्री | बाल कुमारी सुनार | ,, |
| श्री | सुवा देवी पुर्जा | ,, |
| श्री | छिनमाया घर्ती | ,, |
| श्री | गोपाल शर्मा | प्रमुख प्र. अधिकृत |

प्रस्तावहरू:

१. आ.व. २०७५/०७६ को वार्षिक नीति कार्यक्रम
२. आ.व. २०७५/०७६ को ,, बजेट सम्बन्धमा ।
३. आर्थिक विधेयक र विनियोजन विधेयक २०७५
४. गत आ.व. को फ्रिज हुन बाँकी रकम सम्बन्धमा
५. किसानी मा.वि. धारापानी को नाम परिवर्तन र जग्गा प्राप्ति सम्बन्धमा ।
६. कर्मचारी प्रोत्साहन र जोखिम भत्ता सम्बन्धमा ।
७. ढुंगा गिट्टी बालुवाको अवैध उत्खनन गर्ने लाई कारबाही सम्बन्धमा ।

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम स्वीकृत गरी आषाढ-३ गते बस्ने गाउँ सभाको बैठकमा पेश गर्ने निर्णय पारित गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०७८/०७९ को वार्षिक बजेट स्वीकृत गरी आषाढ-१ गतेको गाउँसभाको बैठक समक्ष पेश गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा आर्थिक विधेयक २०७८ र विनियोजन विधेयक २०७८ स्वीकृत गरी आषाढ-३ गतेको ~~कार्यपालिकाको~~ गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ उपर छलफल गर्दा गाउँ कार्यपालिका को कार्यालयमा इन्टरनेट, बिजुली लगायतको समस्याले आ.व. २०७७/०७८ मा भुक्तानी हुन नसकेको तपसिलमा उल्लेखित रकमहरु (केही भुक्तानी भइसकेको र केही भुक्तानी दिन बाँकी) अनुमोदन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

~~निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं. ७ धारापानी~~

| क्र.सं. | कार्यक्रम | रकम |
|---|---|---|
| १. | जन प्रतिनिधिको आ.व. २०७७/०७८ को कार्तिक-आषाढ सम्मको सेवा सुविधा | ४६,८५,३४३।- |
| २. | सवारी साधन मर्मत वडा नं. ५ (विशाल सेवाया) | ६६३५।-+<br>१६३५०।- |
| ३. | करार सेवा शुल्क (कर्मचारी पुग्या सुवेदीको जेठ र आषाढ महिनाको तलब) | ४०,०००।- |
| ४. | सवारी साधन मर्मत (हाम्रो पश्चिमाञ्चल ट्रेडर्स) | १८६२६६।- |
| ५. | पारिश्रमिक कर्मचारी (क्रिया छुट) | १५०४८।- |
| ६. | मुदी मोटरबाटो निर्माण | १,६५,४८०।- |
| ७. | लगानशील फर्निचर | ~~५५३६०।-~~<br>२६,०००।- |
| ८. | सान्दर्भिक भाडा | ५५३६०।, |
| ९. | पर्फ डेलिकाटर | २२८०००।- |

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं 6 धारापानी स्थित श्री किसान मा. वि. को भवन निर्माण लगायत विविध प्रयोजनका लागि साबिक ताकम गा. वि. स वडा नं. १ हाल धवलागिरी गा. वि. स. वडा नं. 6 ~~बस~~ निवासी चन्द्र बहादुर थापा क्षेत्रीको नाममा रहेको साबिक ताकम गा. वि. स. वडा नं. २ स्थित कित्ता नं. १३१ क्षेत्रफल ४-२-२-१ जग्गा (मूल्यांकन -रु. २८,४०,०००।-), कि. नं. ४८ क्षेत्रफल १-१२-१-१ (मूल्यांकन रु. ११,६०,०००।-) र कि नं. १८६ क्षेत्रफल १-०-०-३ (मूल्यांकन रु. ६,००,०००।-) श्री किसान मा. वि. धारापानीको नाममा रजिस्ट्रेसन पास गरी सम्बन्धित निकायमा अनुरोध गर्ने तर्फ सो कार्यका लागि वि. व्य. स अध्यक्ष विरम थापालाई अख्तियारी दिने निर्णय सर्वसम्मत रूपमा पारित गरियो । साथै जग्गाको रजिस्ट्रेसन पास गर्दा लाग्ने रजिस्ट्रेसन शुल्क मिनाहा गर्न सम्बन्धी ~~निर्णय नं. ६ प्रस्ताव~~ र कार्यालयलाई अनुरोध गर्ने ।

धवलागिरी गाउँपालिका वडा नं. 6 धारापानी स्थित श्री किसान मा. वि. धारापानी को विद्यालय व्यवस्थापन समितिबाट ऐ विद्यालयको नाममा जग्गा दिने जग्गादाताको नाम समावेश गरी विद्यालयको नाम श्री किसान चन्द्रकुन्ना माध्यमिक विद्यालय राख्नका लागि निर्णय गरी सिफारिस का लागि गाउँ कार्यपालिकाको कार्यालयमा पत्राचार गरेको देखिएकोले ऐ विद्यालयको नाम श्री किसान चन्द्रकुन्ना माध्यमिक विद्यालय नामाकरण गरिदिन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय ~~प्रस्ताव~~ नं. ६ प्रस्ताव नं. ६ उपर छलफल गर्दा आ. व. २०७८/०७९ को वार्षिक बजेट र नीति तथा कार्यक्रम तर्जुमा र आ. व. को उत्तरार्द्धमा कार्यालयमा सेवाग्राहीको चाप अत्याधिक बढ्दै गइरहेकोले कर्मचारीहरू अहोरात्र खटी सेवाग्राही लाई सेवा प्रवाहमा खटिनुभएकाले कर्मचारीलाई उत्प्रेरित गरी मनोबल उच्च बनाउन जिन्सी, योजना, प्राविधिक, शिक्षा शाखा, आर्थिक प्रशासन शाखा मा कार्यरत कर्मचारीहरू साथै IT Officer र प्रमुख प्रशासकीय अधिकृतलाई ४० दिन बराबरको तलब, स्वास्थ्य संयोजक सहित गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

का अन्य कर्मचारीहरूलाई १ महिना बराबरको तलब प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गराउने, बेनी होल्डिङ सेन्टरमा खटाइए- का कर्मचारीहरूलाई १५ दिनको प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को महामारीका कारण जनजीवन अत्यन्तै प्रभावित बनेको र गाउँपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरूले अत्यन्त विषम परिस्थितिमा समेत जोखिम मोलि कार्यसम्पादन गरेको कुरालाई उच्च प्रशंसा गर्दै अति प्रभावित वडा नं. २ मुलाङ, वडा नं. ६ ताकम, स्वास्थ्य चौकिमा कार्यरत कार्यालय सहयोगी सहितका स्वास्थ्यकर्मी, पालिकाको अस्थाई कोरोना अस्पताल मा कार्यरत कार्यालय सहयोगी, आइसोलेसन सेन्टरमा खटाईएका स्वास्थ्यकर्मीलाई १५ दिनको, फुदी र मुना स्वास्थ्य चौकिमा कार्यरत स्वास्थ्यकर्मीलाई ६ दिनको र गुर्जा, पराङ र मल्कबाङमा कार्यरत स्वास्थ्यकर्मीलाई ५ दिनको तलब बराबरको रकम जोखिम भत्ता स्वरूप उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं.६ गाउँपालिकाका खोलाका बगरहरूबाट अवैध रूपमा ढुंगा, गिट्टी, बालुवा, रोडा उत्खनन गरी चोरि निकासी गर्नेलाई पहिलो पटक रु. २,०००।- र, दोस्रो पटकबाट रु. ५,०००।- का दरले जरिवाना गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत